# दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ६ संख्याः ६ मितिः १० आषाढ, २०८० साल

# भाग-२

दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाद्वारा प्रकाशित

## दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाको व्यवसायिक कृषि कर्जामा व्याज अनुदान सम्बन्धी कार्यविधि, २०८०

**प्रस्तावनाः** कृषि तथा पशुपन्छी क्षेत्रमा आधुनिकीकरण, विविधीकरण तथा व्यवसायीकरण मार्फत स्वरोजगारी वृद्धि गरी दिगो एवं आत्मनिर्भर बनाउनुका साथै नगरपालिकाभित्रका औद्योगिक सम्भावनाहरुको सही उपयोग गरी कृषि उद्योगको क्षेत्रमा नगरपालिकाभित्रका नागरिकहरुलाई सहज, सरल र सुलभ वित्तीय पहुँच पुर्याई कृषि कर्जामा व्याज अनुदान उपलब्ध गराउन वाञ्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (७) र दित्तेल रुपाकोट मझुवागढी नगरपालिकाको प्रशासकीय कार्यविधि ऐन,२०७४ को उपदफा (४) बमोजिम दित्तेल रुपाकोट मझुवागढी नगरपालिकाको नगर कार्यपालिकाले यो व्यवसायिक कृषि कर्जामा ब्याज अनुदान सम्बन्धी कार्यविधि, २०८० बनाएकोछ।

## परिच्छेद –१
## प्रारम्भिक

**१. संक्षिप्त नाम, प्रारम्भः** (१) यस कार्यविधिको नाम "दित्तेल रुपाकोट मझुवागढी नगरपालिकाको व्यवसायिक कृषि कर्जामा व्याज अनुदान सम्बन्धी कार्यविधि, २०८०" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त लागूहुनेछ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः–

क) "आवेदक" भन्नाले व्यवसायिक कृषि कर्जामा व्याज अनुदान वितरण कार्यक्रममा सहभागी हुन ईच्छुक भई प्रस्ताव पेश गर्ने कृषक, फर्म, कम्पनी, कृषक समूह र कृषि सहकारी संस्थालाई सम्झनुपर्छ।

ख) "ऋण प्रवाह गर्ने संस्था" भन्नाले नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोबार गर्न इजाजत प्राप्त बैंक वा सहकारी संस्था भन्ने सम्झनुपर्छ।

ग) "स्थानीय तह" भन्नाले दित्तेल रुपाकोट मझुवागढी नगरपालिका भन्ने सम्झनुपर्छ।

घ) "कार्यपालिका" भन्नाले दित्तेल रुपाकोट मझुवागढी नगरपालिकाको कार्यपालिका सम्झनुपर्छ।

ङ) "फर्म वा कम्पनी" भन्नाले प्रचलित कानून बमोजिम सम्बन्धित निकायमा दर्ता भई संचालनमा रहेको कृषि तथा पशुपन्छी फर्म वा कम्पनी सम्झनुपर्छ।

च) "मूल्याङ्कन तथा छनौट समिति" भन्नाले दफा १३ बमोजिमको समिति सम्झनुपर्छ।

छ) "अनुदानग्राही" भन्नाले व्यवसायिक कृषि कर्जामा व्याज अनुदान कार्यक्रममा छनौट भएका कृषक, फर्म, कम्पनी, कृषक समूह र कृषि सहकारी संस्थालाई सम्झनुपर्छ।

## परिच्छेद –२

## कार्यक्रम संचालनको उद्देश्य

**३. उद्देश्यः** यो कार्यक्रम संचालनको उद्देश्यहरु देहाय बमोजिम रहेका छन्ः–

क) नगरपालिकाभित्रका नागरिकलाई सहज, सरल र सुलभ रुपमा वित्तीय पहुँचको सुनिश्चितता गरी स्वरोजगारीका अवसर प्रदान गराउने।

ख) यूवावर्गलाई व्यवसायिक कृषि तथा पशुपालनका साथै उद्योग क्षेत्रमा आकर्षित गरी रोजगारी तथा आय आर्जनमा बृद्धि गराउने।

ग) कृषिमा लगानी वृद्धि गरि आधुनिकीकरण, विविधीकरण तथा व्यवसायीकरणमा जोड दिने।

घ) नगरपालिकाभित्र पूँजीको उत्पादनमूलक क्षेत्रमा परिचालन गराउने।

## परिच्छेद –३

## कार्यक्रम संचालन सम्बन्धी व्यवस्था

**४. कार्यक्रम संचालन प्रक्रियाः** (१) यो कार्यक्रम नगरपालिकाबाट संचालन हुनेछ। यसको सहजीकरण व्यवसायको प्रकृति अनुसार सम्बन्धित क्षेत्रका विज्ञ मार्फत गर्न सकिनेछ।

२) अनुसूची-७ बमोजिमको व्यवसाय गर्ने आवेदकलाई प्रतिस्पर्धाका आधारमा छनौट गरी व्याज रकम अनुदानमा अनुदानग्राहीलाई उपलब्ध गराइनेछ।

३) उपदफा २ बमोजिमको व्याज अनुदान एक वर्षका लागि उपलब्ध गराइनेछ।

४) यस प्रकृतिको सुविधा प्राप्त गरिसकेको आवेदक वा सोही व्यवसायको लागि कुनै पनि निकायबाट अनुदान प्राप्त गरिसकेको आवेदकलाई दोहोरो सुविधा हुनेगरी व्याज अनुदान उपलब्ध गराइने छैन।

५) व्याज अनुदान कार्यक्रम सूचना प्रकाशन भएको मिति देखि लागू हुनेछ।

**५. सूचना प्रकाशनः** (१) नगरपालिकाले कार्यक्रम संचालनको लागि अनुसूची-१ बमोजिमको सार्वजनिक सूचना प्रकाशन गर्नेछ।

२) उपदफा (१) बमोजिम सूचना प्रकाशन भए पछि इच्छुक आवेदकले तोकिएको समयभित्र अनुसूची-२ बमोजिमको कागजातहरु तथा अनुसूची-३ बमोजिमको व्यवसायिक योजना।

**६.प्रस्ताव मूल्याङ्कन, छनौट र सम्झौताः** (१) दर्ता भएका प्रस्तावहरु मूल्याङ्कन तथा छनौट समितिले अनुसूची-४ मा तोकिएको मूल्याङ्कन मापदण्डका आधारमा मूल्याङ्कन गर्नेछ।

(२) मूल्याङ्कन गर्दा बढी अंक प्राप्त गर्ने प्रस्तावहरु वरियताक्रमका आधारमा स्वीकृत बजेटको परिधिभित्र रही छनौट गरिनेछ ।

(३) छनौट भएका आवेदकसँग नगरपालिकाले अनुसूची-६ बमोजिम सम्झौता गर्नेछ।

(४) छनौट भएका आवेदकले नगरपालिकाले तोकेको अवधिभित्र सम्झौता गर्न नआएमा वा सम्झौता गरी सम्झौता अनुरुप कार्य नगरेमा सम्झौता तुरुन्त रद्ध गरी वैकल्पिक प्रस्तावकलाई छनौट गर्न सक्नेछ।

**७. ऋण प्रवाह गर्ने संस्थाको छनौट र ऋण प्रवाहः** (१) बैंक तथा वित्तीय संस्थाको छनौटको लागि अनुसूची १(क) बमोजिम सूचना प्रकाशन गरिनेछ।

(२) उपदफा (१) बमोजिमको सूचना बमोजिम इच्छुक बैंक तथा वित्तीय संस्थाले अनुसूची ५ बमोजिम आफूले उपलब्ध गराउन सक्ने अधिकतम ऋण र व्याजको न्यूनतम प्रतिशत खुलाई आवेदन पेश गर्नुपर्नेछ। कार्यक्रममा समाबेश हुन आबेदन पेश गरेका इच्छुक बैंक तथा वित्तीय संस्थासंग कार्यक्रम मूल्याङ्कन तथा छनौट समितिको निर्णय पश्चात नगरपालिकाले सम्झौता गर्नेछ।

**८. व्याजदर एवं शर्त :** ऋण प्रवाह गर्ने संस्थाबाट ऋणको व्याज वाहेक अन्य कुनै पनि प्रकारको थप सेवा शुल्क लिन पाइने छैन।

**९. धितो सुरक्षणः** (१) धितो सुरक्षणमा ऋण प्रवाह गर्ने संस्थाको निर्णयलाई आधार मानिनेछ।

(२) उपदफा १ बमोजिम धितो सुरक्षण गर्ने अनुदानग्राहीले धितो सुरक्षणको आवश्यक पहल आफै गर्नुपर्नेछ। धितो सुरक्षणको लागि आवश्यक पहल वा कागजात जुटाउन नसक्ने अनुदानग्राहीलाई ऋण उपलब्ध गराउन बैंक तथा वित्तीय संस्थालाई बाध्य पारिने छैन।

**१०. ऋणको प्रवाहः** (१) अधिकतम पाँच लाखसम्मको रकममा ऋणको प्रवाह गर्दा नेपाल सरकार अर्थ मन्त्रालयको सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि,२०७५ (संशोधन समेत) बमोजिम उपलब्ध गराउने कर्जाको व्याजदरमा थप पाँच प्रतिशत व्याज बापतको रकम नगरपालिकाले अनुदानको रुपमा अनुदानग्राहीलाई उपलब्ध गराउनेछ र कर्जा उपलब्ध गराउने वित्तिय संस्था तथा वाणिज्य वैंकले उपलब्ध गराउने व्याजदरको अपुग व्याज अनुदानग्राहीले वित्तिय संस्था तथा वाणिज्य वैंकलाई उपलब्ध गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रवाह गरिने ऋण, ऋण प्रवाह गर्ने संस्थाले एकमुष्ठ रुपमा एकैपटक वा किस्तावन्दिमा समेत प्रदान गर्न सक्नेछ।

**११. ऋणको चुक्ताः** (१) ऋणको चुक्ता गराउने जिम्मेवारी स्वयं ऋणीको हो। ऋण प्रवाह गर्ने संस्थाले उपलब्ध गराएको ऋण चुक्ता तालिका बमोजिम ऋण चुक्ता गर्दै जानु पर्दछ। ऋण चुक्ता तालिका बमोजिम ऋण चुक्ता नगर्ने अनुदानग्राहीलाई नगरपालिकाले व्याज रकम उपलब्ध गराउन सक्ने छैन। साथै त्यस्ता अनुदानग्राहीलाई प्रचलित कानून बमोजिम कारवाही गर्नमा ऋण प्रवाह गर्ने संस्थालाई कुनै बाधा रहने छैन।

**१२. ऋण प्रवाह गर्ने संस्थाको काम, कर्तव्य र अधिकार :** (१) यस कार्यविधि कार्यान्वयनको लागि ऋण प्रवाह गर्ने संस्थाले नेपाल राष्ट्र बैंकले तोकेको निर्देशन साथै नगरपालिकासंगको सम्झौता कार्यान्वयन गर्नुपर्नेछ।

(२) ऋणको प्रकार, उद्देश्य, लगानी रकम, जोखिमको स्तर एवं आवश्यकता अनुसार सदुपयोगिता निरिक्षण गरी सोको अभिलेख अद्यावधिक गरि राख्नु पर्नेछ ।

**१३. कार्यक्रम मूल्याङ्कन तथा छनौट समिति :** (१) दफा ५ को उपदफा (२) बमोजिम दर्ता हुने आवेदनहरुको मूल्याङ्कन तथा छनौट र दफा ७ को उपदफा (१) बमोजिम दर्ता हुने ऋण प्रवाह गर्ने संस्था छनौटका लागि देहाय बमोजिमको समिति रहनेछ।

| | |
|---|---|
| क) नगर प्रमुख | संयोजक |
| ख) नगर उपप्रमुख | सदस्य |
| ग) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| घ) आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| ङ) योजना शाखा प्रमुख | सदस्य |
| च) प्रमुख पशु सेवा शाखा | सदस्य |
| छ) प्रमुख, कृषि विकास शाखा | सदस्य सचिव |

२) समितिले प्रस्तावहरुको मूल्याङ्कन गरी छनौट गर्ने र प्राविधिक/व्यवस्थापकिय कार्यहरु गर्नेछ।

३) समितिले आवश्यकता अनुसार विषय विज्ञका रुपमा बढिमा ३ जनालाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

**१४. व्याज अनुदान भुक्तानी सम्बन्धी व्यवस्था :** (१) दफा ८ को अधिनमा रही ऋण प्रवाह गर्ने संस्थाले निर्धारण गरेको व्याजको पाँच प्रतिशत रकम अनुदान उपलब्ध गराइनेछ।

(२) उपदफा (१) बमोजिमको व्याज अनुदान कार्यप्रगतिको आधारमा बढीमा ४ किस्तामा ऋण लिने अनुदानग्राहीको वैंक खातामा नगरपालिकाबाट उपलब्ध गराइनेछ।

(३) यसरी व्याज अनुदान प्राप्त गर्नको लागि आवेदकले पेश गरेको व्यवसायिक योजना बमोजिमको कार्यहरु सम्पन्न गरी त्रैमासिक रुपमा नगरपालिकामा निवेदन दिनुपर्नेछ। निबेदनका साथमा ऋण प्रवाह गर्ने संस्थाले तोकेको व्याज रकम मासिक रुपमा भूक्तानि गरेको निश्सा

समेत पेश गर्नु पर्नेछ। त्रैमासिक प्रतिवेदन नदिने आवेदकको ब्याज तिर्न नगरपालिका बाध्य हुने छैन।

(४) प्राविधिकको स्थलगत निरीक्षण, प्रतिवेदन र ऋण प्रवाह गर्ने संस्थाको तोकिएको अवधिको ब्याज रकम खुल्ने प्रमाणको आधारमा उपदफा (१) बमोजिम ब्याज अनुदान उपलब्ध गराइनेछ।

## परिच्छेद –४

## विविध

**१५. व्यवसायको बीमा सम्बन्धी व्यवस्था:** यस कार्यविधि बमोजिम ऋण लिने आवेदकले परियोजनाको अनिवार्य बीमा गर्नुपर्नेछ। बीमा सम्बन्धी अन्य व्यवस्था प्रचलित नियमानुसार हुनेछ।

**१६. कार्यसम्पन्न प्रतिवेदन पठाउनु पर्ने:** अनुदानग्राहीले कार्यसम्पन्न प्रतिवेदन नगरपालिकामा पेश गर्नुपर्नेछ।

**१७. अनुगमन तथा मूल्याङ्कन:** नगरपालिका वा नगरपालिकाले खटाएको व्यक्ति, फर्म वा कम्पनीबाट समेत नियमित अनुगमन तथा निरिक्षण गर्न सकिनेछ।

**१८.बाधा अड्काउ फुकाउने:** यस कार्यविधिको व्याख्यामा द्विविधा भएमा नगरपालिकाको निर्णय अन्तिम हुनेछ।

**१९. प्रचलित कानून बमोजिम हुने:** यस कार्यविधिमा भएको व्यवस्था यसै कार्यविधि बमोजिम र अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

**२०. असुल उपर हुने:** यस कार्यविधि बमोजिम ब्याज अनुदान प्राप्त गर्ने उद्देश्यले झुट्टा विवरण पेश गरेको वा ब्याज अनुदान दुरुपयोग गरेको प्रमाणित भएमा प्रचलित कानून बमोजिम सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

**२१. कार्यविधि संशोधन:** यस कार्यविधिमा नगरपालिकाले आवश्यकताअनुसार संशोधन गर्न सक्नेछ।

## अनुसूची - १
## (दफा ५ को उपदफा (१) सँग सम्बन्धित)
## व्यवसायिक कृषि कर्जामा व्याज अनुदान वितरण कार्यक्रम सम्बन्धी प्रस्ताव आव्हानको सूचना

मिति

विषयः व्यवसायिक प्रस्तावना पेश गर्नुहुन।

प्रस्तुत विषयमा यस नगरपालिकाको आ.व. .......... को वार्षिक स्वीकृत ..................................... कार्यक्रम अन्तर्गत कृषि तथा पशु पालन क्षेत्रमा व्यवसायिक रुपमा काम गर्न इच्छुक उद्यमशील युवा जनशक्तिलाई **व्यवसायिक कृषि कर्जामा व्याज अनुदान सम्बन्धी कार्यविधि, २०८०** बमोजिम सहुलियतपूर्ण व्याजमा ५ लाख रुपैयासम्म ऋणको लागि व्याज अनुदान उपलब्ध गराउने कार्यक्रम रहेको हुँदा सूचना प्रकाशन भएको मितिले १ महिनाभित्र व्यवसायिक कृषि कर्जामा व्याज अनुदान सम्बन्धी कार्यविधि, २०८० को अनुसूची २ बमोजिमका आवश्यक कागजात सहित यस नगरपालिकामा व्यवसायिक प्रस्तावना पेश गर्नुहुन अनुरोध छ। (थप जानकारीको लागि दिक्तेल रुपाकोट मझुवागढि नगरपालिकाको website www.rupakotmajhuwagadhimun.gov.np मा हेर्न वा सम्बन्धित वडा कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध छ।)

प्रमुख प्रशासकीय अधिकृत

**अनुसूची - १ (क)**

**(दफा ७ को उपदफा (१) सँग सम्बन्धित)**

(कर्जा उपलब्ध गराउने सम्वन्धी सूचना)

## व्यवसायिक कृषि कर्जा उपलब्ध गराउनको लागि प्रस्तावना आह्वान सम्बन्धी सूचना।

प्रथम पटक प्रकाशित मितिः

दित्तेल रुपाकोट मझुवागढि नगरपालिकाको आ.व. .................... को स्वीकृत कृषि कर्जाको व्याज अनुदान कार्यक्रम संचालनका लागि **व्यवसायिक कृषि कर्जामा व्याज अनुदान सम्बन्धी कार्यविधि, २०८०** बमोजिम ऋण प्रवाह गर्ने संस्थाको छनौट गर्नु पर्ने भएकोले व्यवसायिक कृषि कर्जामा प्रवाह गरिने ऋणको लागि व्याज अनुदान कार्यक्रम अन्तर्गत कृषि तथा पशु पालन क्षेत्रमा ऋण उपलब्ध गराउन ईच्छुक बैङ्क तथा वित्तिय संस्थाहरुबाट यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र आवश्यक कागजातहरु सहित आफुले उपलब्ध गराउने ऋणको न्यूनतम मासिक व्याजदर र अधिकतम ऋण प्रवाह गर्न सक्ने रकम खुलाई निबेदन पेश गर्न यो सूचना प्रकाशित गरिएको छ।

थप जानकारीको लागि दित्तेल रुपाकोट मझुवागढी नगरपालिकाको कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध छ। सम्पर्क नं.

प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची - २
## (दफा ५ को उपदफा (२) संग सम्बन्धित)
## आवेदन फारम तथा संलग्न कागजातहरु

श्रीमान प्रमुख प्रशासकीय अधिकृतज्यू,
दिक्तेल रुपाकोट मझुवागढी नगर कार्यपालिकाको कार्यालय,
दिक्तेल, खोटाङ।

विषयः व्यावसायिक कृषि कर्जामा व्याज अनुदानको लागि प्रस्ताव पेश गरिएको बारे।

प्रस्तुत विषयमा तहाँ नगरपालिकाबाट मिति २०.... /..... /.... गते प्रकाशित सूचनाको आधारमा तहाँबाट प्रदान गरिने कृषि कर्जामा व्याज अनुदान प्राप्त गर्ने प्रयोजनको लागि तपसिल बमोजिमका कागजातहरु यसै साथ संलग्न राखी पेश गर्दछु।

**तपशिलः**

(१) नेपाली नागरिकताको प्रतिलिपि,
(२) अनुसूची - ३ अनुसारको व्यवसायिक योजना सहितको प्रस्ताव,
(३) वडा कार्यालयको सिफारिस पत्र,
(४) फर्म, कम्पनी, समूह, सहकारी संस्थाको दर्ता प्रमाणपत्रको प्रतिलिपि, पछिल्लो आर्थिक वर्षको नवीकरण र करचुक्ता प्रमाणपत्र,
(५) अन्य प्रमाणपत्रहरु (तालिम अनुभव, शैक्षिक योग्यता, लालपुर्जाको प्रतिलिपि)।
(६) प्रतिनिधि मार्फत प्रस्ताव पेश गर्नुपर्ने भएमा आवेदक संस्थाले जिम्मेवारी तोकिएको व्यक्तिलाई अख्तियारी दिएको पत्र र निजको नागरिकताको प्रतिलिपि।

(७) समूह/ सहकारी वा दुईभन्दा बढी स्वामित्वको कम्पनी/ फर्मको हकमा विषयसँग सम्बन्धित निर्णयको प्रतिलिपि।

(८) यस प्रकृतिको सुविधा अन्य निकायबाट प्राप्त नगरेको र दोहोरो सुविधा नलिने/ नलिएको आवेदकको स्वघोषणापत्र।

निवेदकको

नाम :

दस्तखतः

ठेगाना :

फोन नं. :

## अनुसूची - ३
## दफा (५) को उपदफा (२) सँग सम्बन्धित
## संक्षिप्त व्यवसायिक कार्ययोजना

१. व्यवसायिक फार्म/कम्पनी/संस्था/समूह/सहकारीको नामः

२. ठेगानाः

३. व्यवसाय संचालन गरिने स्थानः

४. कार्यक्रम संचालन हुने क्षेत्रफल/आकारः

५. परियोजनाको नामः

६. परियोजनाको उद्देश्यः

७. व्यवसायिक योजनाः

- उत्पादन योजना: के कति उत्पादन हुन्छ, उल्लेख गर्ने
- बजार योजना: कहाँ लगेर कसरी बेचबिखन गर्ने हो उल्लेख गर्ने
- संगठन तथा व्यवस्थापन योजना: कति कामदार, कर्मचारी आवश्यक हुने हो उल्लेख गर्ने, योजना रेखदेख र सुरक्षा व्यवस्था कसरी मिलाउने हो उल्लेख गर्ने
- वित्तीय योजना: लगानीको श्रोत के कसरी जुटाउने र के कति नाफा नोक्सान हुन्छ उल्लेख गर्ने

८. अपेक्षित प्रतिफल: योजनाबाट के प्राप्त हुन्छ, उल्लेख गर्ने।

९. लागत बजेट (टेवल बनाएर पेश गर्ने) यसमा कति समयमा लगानी उठाउने र कति समयको लागि व्याज अनुदान माग गरेको हो सो समेत उल्लेख गर्ने।

१०. योजनाको दिगोपनाः पछिसम्म योजना निरन्तरता दिने सुनिश्चितता।

११. नविन सोंच केहि भए उल्लेख गर्नुहोस्ः नयाँ विशेष केही हुने भए उल्लेख गर्ने।

१२. प्रस्तावक संस्थाले व्यवसायिक योजनामा सम्पर्क व्यक्तिको नाम-थर, ठेगाना, मिति उल्लेख गरी दस्तखत गर्नुपर्नेछ।

***नोटः यसलाई आधार बनाएर थप/घट गरी प्रस्ताव राख्न सकिने छ।***

## अनुसूची - ४

### दफा (६) को उपदफा (१) सँग सम्बन्धित
### व्यवसायिक कृषि कर्जामा व्याज अनुदानको लागि प्रस्तावको मूल्याङ्कन मापदण्ड

१. व्यवसायको लागि भौगोलिक तथा वातावरणीय र भौतिक पूर्वाधारको उपयुक्तताः (२० अंक)।

२. आवेदकको आफ्नो जग्गा वा सेयरवालाको स्वामित्वमा वा करार गरी लिएको योजनाको लागि यथेष्ट जग्गा भएको खण्डमास् (१० अंक), र जति जग्गा कम हुन्छ सोही अनुपातमा कम अंक।

३. मूल्याङ्कन समितिले निजले अनुदानको सहि उपयोग गर्न सक्दछ भन्ने कुरामा विश्वास भएमा (१० अंक)।

४. आवेदकसंग सम्बन्धित विषयमा प्राविधिक ज्ञान भएमाः (१० अंक)।

## अनुसूची - ५
## दफा ५ को उपदफा (३) सँग सम्बन्धित
## ऋण प्रवाह गर्ने संस्थाले पेश गर्ने पत्रको नमूना

**श्री दिक्तेल रुपाकोट मझुवागढी नगर कार्यपालिकाको कार्यालय,**
**दिक्तेल, खोटाङ।**

**विषय: ऋणको लागि उपलब्ध गराउन सक्ने व्याजदरको विवरण सम्बन्धमा।**

प्रस्तुत विषयमा तहाँ नगरपालिकाबाट मिति २०......।.......।....... गते प्रकाशित सूचनाको आधारमा तहाँबाट प्रदान गरिने कृषि कर्जाको व्याज अनुदान कार्यक्रम संचालन गर्ने सम्बन्धमा यस संस्थाले प्रदान गर्ने ऋणमा प्रचलित नियमानुसार तपशिल बमोजिमको व्याजदरमा प्रदान गर्न सकिने व्यहोरा अनुरोध छ।

ऋण प्रवाह गर्ने संस्थाको नामः . . . . . . .. . . . . . .. .

ठेगानाः . . . . . . . .. . . . .

छापः .. . . . . . .. . . . . .. .

तपशिल (कृषि ऋणको लागि व्याजदर लगायतको सम्पूर्ण विवरण उल्लेख गर्ने) .. . . . . .. . . . . .

## अनुसूची - ६
## दफा (६) को उपदफा (३) सँग सम्बन्धित
## सम्झौता - पत्र

श्री दित्तेल रुपाकोट मझुवागढी नगरपालिका (यस पछि प्रथम पक्ष भनिने) र .................. जिल्ला ............................... न.पा., वडा नं. ............... को ...................................... मा संचालनमा रहेको ............................................. (नाम) (यस पछि दोश्रो पक्ष भनिने) बीच साझेदारी/सहकार्यमा आ.व. ............... को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत कृषि कर्जाको व्याज अनुदान कार्यक्रम संचालन गर्न तपसिल बमोजिमका शर्तहरुको अधिनमा रही यो सम्झौता पत्रमा हस्ताक्षर गरी लियौं/दियौं।

<u>तपशिल</u>

(१) सम्झौता भएको मिति देखि यस सम्झौता प्रारम्भ भएको मानिनेछ। तर कृषि कर्जाको व्याज अनुदान रकम ऋण स्विकृत भएको मितिबाट भुक्तान गरिनेछ।

(२) दोश्रो पक्षले कार्ययोजना अनुरुपको कार्यहरु सम्झौता भएको मितिले ............ दिन भित्र शुरु गर्नु पर्नेछ।

(३) प्रथम पक्षले दोश्रो पक्षलाई कार्य प्रगतिको आधारमा व्याज अनुदानको रकम बढीमा ३ किस्तामा ऋण प्रवाह गर्ने सम्बन्धित संस्थाको खातामा उपलब्ध गराउने छ। व्याज अनुदानको रकम बढीमा रू. ५ लाख हुनेछ।

(४) किस्तामा भुक्तानी गर्दा सम्बन्धित प्राविधिकको मूल्याङ्कन तथा स्थलगत अनुगमन सहितको सिफारिसको आधारमा रकम भुक्तानी गरिनेछ। दोश्रो पक्षले कार्य गर्दा प्राविधिकको निर्देशन अनुसार कार्य गर्नु पर्नेछ।

(५) अन्तिम किस्ता भुक्तानी गर्ने सम्बन्धमा प्राविधिकले कार्य सम्पन्न मूल्याङ्कन गरी अन्तिम बिल सहितको कार्य सम्पन्न प्रतिवेदन तयार गरी दोश्रो पक्षले प्रथम पक्षसँग अनुरोध गर्नु पर्नेछ। प्रथम पक्षबाट रीतपूर्वक सम्पूर्ण प्रतिवेदन प्राप्त भएपछि भुक्तानीको आवश्यक व्यवस्था मिलाइनेछ।

(६) व्याजमा अनुदान रकम कम गर्दा सम्बन्धित ऋण प्रवाह गर्ने संस्थाको तोकिएको अवधिको व्याज रकम खुल्ने प्रमाण पेश गर्नु पर्नेछ।

(७) सम्झौता लागू हुने मितिः /अवधिः

(८) भुक्तानी अवस्थाः

| प्रथम पक्ष | दोश्रो पक्ष (अनुदानग्राही) |
|---|---|
| हस्ताक्षर | हस्ताक्षर |
| नामः | नामः |
| पदः | पदः |
| संस्थाको छापः | फोन नं.: |

# अनुसूची - ७

## दफा (४) को उपदफा (२) सँग सम्बन्धित

## ऋणको लागि व्याज अनुदान उपलब्ध हुने व्यवसायहरु

### कृषि तथा पशुपालन

१. तरकारी उत्पादन, प्रशोधन, भण्डारण तथा बिक्री वितरण
२. बीउ बिजन, उत्पादन, प्रशोधन, भण्डारण तथा बिक्री वितरण
३. पशुपन्छीपालन, लोकल कुखुरा, कालिज, अष्ट्रिच, टर्की र हाँस पालन, सो को मासु एवं अण्डाको भण्डारण, प्रशोधन तथा बिक्री वितरण
४. फलफूल उत्पादन, उत्पादित फलफूलको प्रशोधन, भण्डारण र बिक्री वितरण
५. दुग्ध उत्पादन, प्रशोधन र बिक्री वितरण
६. मत्स्य पालन, उत्पादित माछाको भण्डारण तथा बिक्री वितरण
७. च्याउ उत्पादन, प्रशोधन, भण्डारण तथा बिक्री वितरण
८. व्यवसायिक बाख्रापालन, मौरीपालन, गाईपालन, बंगुर पालन
९. पशुवधशाला, मासुजन्य उत्पादन, सो को भण्डारण, प्रशोधन तथा बिक्री वितरण
१०. आलुखेती, खाद्यान्न बालीउत्पादन, प्रशोधन, भण्डारण तथा बिक्री वितरण
११. कफि, चिया, अलैची, अदुवा, बेसार, सूर्यमूखी खेती तथा यिनीहरुको भण्डारण, प्रशोधन र बिक्री वितरण
१२. कोदो, जौ, फापर, सिलामको उत्पादन, प्रशोधन र बिक्री वितरण
१५. दलहन बालिको उत्पादन, प्रशोधन र बिक्री वितरण
१६. प्राङ्गरीक तथा जैवीक मल, जैविक विषादी निर्माण/उत्पादन
१७. पशुपन्छीजन्य उद्योग
१८. भेडा, च्याङग्रा र चौरी जस्ता संरक्षणको आवश्यकता रहेका पशुपन्छीको व्यवसायिक उत्पादन
१९. कृषि वन प्रणालीमा समाविष्ट व्यवसायहरु
२०. जडिबुटि अनुसन्धान तथा प्रशोधन केन्द्र संचालन र व्यवस्थापन

**प्रमाणीकरण मितिः २०८०।०३।०६**

**आज्ञाले,**
**राज कुमार राई**
**नि. प्रमुख प्रशासकीय अधिकृत**